छविसपाथिभेरा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
ज्याँसी, बझाङ्ग
सुदूरपश्चिम प्रदेश, नेपाल

नेपाल सम्वत : ११४५


प.सं: २०८२।०८३
च.नं: ८६

मिति : २०८२।०५।०१

**भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासिले निवेदन दिन ३५ (पैतिस) दिने सूचना।**

उपरोक्त विषयमा नेपाल सरकार राष्ट्रिय भूमि आयोग ताहाचल, काठमाण्डौले मिति २०८२।०४।३० गते भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासिहरुले निवेदन पेश गर्ने सम्वन्धी ३५ (पैतिस) दिने अन्तिम पटक प्रकाशित सूचना अनुसार यस छविसपाथिभेरा गाउँपालिका भित्र बसोवास गर्ने भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासिहरुले आ-आफ्नो वडा कार्यालय मार्फत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासिहरुको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची–३ (भूमिहिन दलित, भूमिहिन सुकुम्बासीले दिने निवेदन फाराम) र (अव्यवस्थित वसोबासीले दिने निवेदन फाराम) अनुसूचि-४ बमोजिमको फाराम भरी ३५ (पैतिस) दिन भित्र वडा कार्यालयमा गई तपशिलमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्न हुन यसै सूचना द्धारा सूचित गरिन्छ। यदि कसैले झुठ्ठा विवरण दिई फाराम भरेको पाईएमा निवेदन/फाराम रद्ध गरी नियमानुसार कारवाही समेत गरिने व्यहोरा जानकारी गराउँदै समयमा आवेदन नभर्ने, माँग गरिएका कागजात र विवरण उपलब्ध नगराएका कारण नियमसम्वत् जग्गा प्राप्त नभएमा सो को जवाफदेही गाउँपालिका कार्यालय नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

अम्मर बहादुर थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

तपशिल :

| भूमिहिन दलित/ भूमिहिन सुकुम्बासीको हकमा | अव्यवस्थित बसोबासीको हकमा |
|---|---|
| १. परिवारमूलीको र परिवारमूलीको पति/पत्नीको फोटो २/२ प्रति।<br>२. परिवारमूलीको र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य, नागरिकता प्रमाणपत्र प्राप्त नभएका परिवारका सदस्यहरुको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>३. सम्बन्धित् वडा कार्यालयले दिएको सुकुम्बासी भएको व्यहोराको सिफारिस पत्र।<br>४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि, विद्युत/पानीको महशुल तिरेको रसिद, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण तथा अन्य प्रमाण। | १. परिवारमूलीको र परिवारमूलीको पति/पत्नीको फोटो २/२ प्रति।<br>२. परिवारमूलीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य, नागरिकता प्रमाणपत्र प्राप्त नभएका सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>३. माँग गरेको जग्गा........वर्ष (कम्तिमा दश वर्ष) अघिबाट आवाद कमोत भई आएको हो भनी सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको सिफारिस।<br>४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि, (विद्युत/पानीको महशुल तिरेको रसिद, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण तथा अन्य प्रमाण)।<br>५. आफू र परिवारका सदस्यहरुको नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी कागजातको प्रतिलिपि। |

पुनश्च : एकं परिवारले एक स्थानबाट मात्र निवेदन पेश गर्नुपर्ने छ।